## गुल्मीदरबार गाउँपालिकाको

## आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

### गुल्मीदरबार गाउँपालिकाको गरिमामय गाउँसभा १५ औं अधिवेशनका श्रद्धेय सभाध्यक्ष ज्यू, लुम्बिनी प्रदेश सभाका माननीय सदस्य ज्यू, सभाका सदस्य ज्यूहरु

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थ व्यवस्था मार्फत समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ। नेपालको संविधानले अङ्गीकार गरेका नागरिकका मौलिक हकको सुनिश्चितता प्रदान गर्न, भौतिक विकास र सामाजिक समुन्नतिका माध्यमबाट गुल्मीदरबार गाउँपालिकालाई सबल, सक्षम र उत्थानशील स्थानीय सरकार बनाउने महान कार्यमा हामीहरु अघि बढिरहेका छौं। यसैक्रममा हामीसँग रहेको सिमित श्रोत साधनलाई समुचित उपयोग गर्दै नागरिकका माग र आवश्यकतालाई उचित ढङ्गबाट संवोधन गर्ने, आर्थिक पारदर्शिता, सुशासन कायम गर्दै सामाजिक समुन्नति र आर्थिक समृद्धि प्राप्ति गर्नु नै हाम्रो प्रमुख ध्येय हो।

दिगो विकास लक्ष्यहरुको कार्यान्वयन र दीर्घकालिन आर्थिक, सामाजिक विकास र समुन्नतिको लागि संघीय ढाँचा अनुसार संघ, प्रदेश र स्थानीय तहहरुले आ-आफ्नो वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गर्ने वर्तमान सन्दर्भमा स्थानीय सरकारको बजेटको विशेष महत्त्व रहेको छ। यसै सन्दर्भमा गुल्मीदरबार गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमको मर्म र भावना अनुरुप गुल्मीदरबार गाउँपालिकाको उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले श्रद्धेय सभाध्यक्षज्यूको अनुमतिले आ.व. २०८१/०८२ को बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित भएको छु।

गाउँपालिकाको भौगोलिक परिवेश, नागरिकका चाहना र आवश्यकता, हामीसँग भएको श्रोत र साधनलाई समुचित परिचालन गरी कृषि, स्वास्थ्य, शिक्षा, सुशासन, भौतिक पूर्वाधार विकास, रोजगार तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रहरुलाई उच्च प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। समुन्नत गाउँपालिका, सुखी एवम् समृद्ध नागरिक बनाउने मार्गमा हामीहरु लम्कीरहेका छौं, सबल, सक्षम र उत्थानशील स्थानीय सरकार निर्माणको अभियानमा छौं। यस अभियानलाई सार्थक बनाउन आ-आफ्ना ठाउँबाट अविस्मरणीय योगदान पुऱ्याउनु हुने आदरणीय अग्रजहरुप्रति मुक्त कण्ठले प्रशंसा गर्दै उच्च सम्मान प्रकट गर्न चाहान्छु। साथै यस गाउँपालिकाका संस्थापक स्व. अध्यक्ष अशोक कुमार थापा प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु।

सम्मानित यस सभाबाट प्राप्त महत्वपूर्ण सुझाव सहित पारीत नीति तथा कार्यक्रमको मूल मर्म, भावना र परिधि भित्र रही बजेटको तर्जुमा गरिएको छ ।संविधानमा उल्लेखित स्थानीय तहको अधिकार, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भूमिका, विगतका वर्षहरुमा सञ्चालित विकास आयोजनाहरुको कार्यान्वयनको

अनुभव, नागरिकको माग र चाहाना ध्यानमा राख्दै बजेट विनियोजन गरिएको छ । बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित कानुनहरु, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाले पारित गरेको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्धतवर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिईएको छ। गुल्मीदरबार गाउँपालिकाको समग्र विकास र नागरिकको विकास प्रतिको चाहानलाई पूरा गर्न, **सुखी र समृद्ध गाउँपालिका** निर्माणको महान अभियानमा एकजुट भई अघि बढ्नका लागि गाउँपालिकाका सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, गाउँपालिकाको बौद्धिक वर्ग, पत्रकार, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्था र नागरिकहरुलाई हार्दिक अपिल गर्दछु।

**<u>बजेटको सोँच,लक्ष्य र उद्देश्यः</u>**

**(क) सोँच**: "सबल, सक्षम उत्थानशील स्थानीय सरकार : समृद्ध र समुन्नत गुल्मीदरबार"

**(ख) लक्ष्यः** "सुशासन,स्वास्थ्य, शिक्षा, कृषि र पर्यटन पूर्वाधार निर्माणको क्षेत्रमा समुचित विकास गरी गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउने"

**(ग) उद्देश्यहरु** :

- कृषि उत्पादन र उत्पादकत्त्वमा वृद्धि गर्न कृषिलाई व्यावसायिक र आधुनिकीकरण गर्ने,
- कृषि र कृषि उपजमा वृद्धि गरी आत्मनिर्भर उन्मुख बनाउने,
- पशुपंछी पालनलाई व्यावसायिक र उत्पादनमुखी बनाउँदै अण्डा र मासुमा आत्मनिर्भर हुने,
- सिंचाईको आवश्यकता पहिचान गरी सुदृढिकरण तथा दिगोपना गराउने,
- जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्ने,
- स्वास्थ्य सेवामा समातामूलक पहुँच अभिवृद्धि गरी स्वास्थ्यलाई उच्च प्राथमिकता दिने,
- गुणस्तरीय र पोषणयुक्त खानाको पहुँच गराउने,
- शिक्षामा सबै बालबालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने,
- सबै जातीय समुदायको भाषा, धर्म र संस्कृतीको संवर्द्धन गर्ने,
- गाउँपालिकामा विकासका पूर्वाधारहरु निर्माण गरी नागरिकको जीवनस्तर सहज बनाउने,
- गाउँपालिकाको WASH PLAN मा आधारित रहि एक घर एक धारा कार्यक्रम मार्फत सबै नागरिकलाई खानेपानीको सुनिश्चितता प्रदान गर्ने,
- गाउँपालिकालाई सुरक्षित आवासयुक्त गाउँपालिका बनाउन खरका छाना र ढुङ्गाका छानाहरु क्रमश हटाउदै लैजाने,
- नागरिकलाई केन्द्रमा राखी सर्वसुलभ र प्रभावकारी सेवा प्रवाह गर्ने,
- स्वरोजगार र रोजगारी वृद्धि गरी नागरिकको जीवनस्तर सुधार गर्ने,

- गाउँपालिकाको आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी खुशी, सुखी नागरिक सहित समृद्ध र समुन्नत गाउँपालिका बनाउने,
- नागरिकलाई स्थानीय सरकारको अनुभूति हुने गरी नागरिकमैत्री सेवा प्रवाह गर्ने,
- घरेलु उद्योगको विकास गरी रोजगारी वृद्धि गर्ने
- उपभोक्ताको हकहित संरक्षण गरी दैनिक उपभोग्य वस्तुको उपलब्धता सहज बनाउने,
- पर्यटकीय स्थलको विकास र बिस्तार गरी आम्दानीमा वृद्धि गर्ने,
- वन्यजन्तुको नियन्त्रण गरी बढ्दो बसाईसराईलाई न्यूनीकरण गर्ने,
- गाउँपालिकामा पर्यटन पूर्वाधारहरु निर्माण गरी पर्यटन विकासमा टेवा पुऱ्याउने,
- राजश्व संकलनमा पारदर्शीता कायम गर्दै राजस्व चुहावटलाई नियन्त्रण गर्ने,
- MTEF Planning अनुरुप काम संचालन हुने,

**(घ) बजेटका मुख्य प्राथमिकताहरु**

- कृषि तथा पशुपालन
- भौतिक पूर्वाधार
- शैक्षिक गुणस्तर तथा पूर्वाधार निर्माण
- गुणस्तरीय स्वास्थ्य प्रवर्द्धन तथा पूर्वाधार विकास
- खानेपानी तथा सरसफाई
- विपद् व्यवस्थापन
- क्रमागत आयोजनाहरुको निर्माण कार्यलाई निरन्तरता,
- रोजगारी सिर्जना,
- पर्यटन पूर्वाधार विकास,
- सामाजिक समावेशिता र रुपान्तरण,
- गुणस्तरीय, प्रभावकारी एवम् सर्वसुलभ सेवा प्रवाह।

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख आधारहरुः**

**(क) प्रमुख आधारहरु** : राज्यका निर्देशक सिद्धान्त, मौलिक हक, दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, गरिवी न्यूनिकरण, आर्थिक तथा वित्तीय आत्मनिर्भरता, सामाजिक समावेशीकरण।

**(ख) क्षेत्रगत आधारहरुः**

(१) **आर्थिक क्षेत्र** : कृषि उत्पादन र उत्पादकत्व, पशुपालन प्रवर्द्धन तथा आत्मनिर्भरता, रोजगारी, व्यापार तथा व्यवसाय प्रवर्द्धन, साना तथा घरेलु उद्योग, सहकारीता विकास, उत्पादनमा अनुदान र गरिवी न्यूनीकरण।

(२) **सामाजिक विकास** : गुणस्तरीय शिक्षा, शिक्षामा समान पहुँच, समता र समावेशीता, भेदभाव तथा छुवाछुत रहित समाज, स्वास्थ्य सेवामा समान पहुँच, सबैका लागि खानेपानी तथा सरसफाई, महिला, बालबालिका, जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गमैत्री सेवा ।

(३) **पूर्वाधार क्षेत्र** : यातायातको सहज पहुँच, उत्पादन उन्मुख वातावरण, नागरिकमैत्री सेवा प्रवाह, अपाङ्गमैत्री, जोखिममुक्त तथा भूकम्प प्रतिरोधी कार्यालयका भवनहरु, व्यवस्थित तथा सफा सुन्दर बजार, आवास विहिनका लागि आवास योजना, दिगो पूर्वाधार विकास र उपयोग, उर्जा, विद्युत, सञ्चार र सूचनामा पहुँच।

(४) **वन, वातावरण तथा विपद् व्यवस्थापन** : वन, जैविक विविधता संरक्षण, वातावरणमैत्री विकास, जलवायु परिवर्तन अनुकूलन, प्रकोप नक्साङ्कन तथा विपद् व्यवस्थापन, बाढी पहिरो लगायत प्राकृतिक प्रकोप नियन्त्रण आदि।

(५) **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** : कानून निर्माण, सङ्गठन व्यवस्थापन, दरवन्दी तथा पदपूर्ति, पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, विद्युतीय सुशासन, पारदर्शिता, सेवा प्रवाह मापदण्ड, सञ्चार माध्यमको उपयोग, सेवामा नागरिकहरुको पहुँच, वित्तीय व्यवस्थापन तथा लेखा परीक्षण, आन्तरिक नियन्त्रण प्रणाली।

## गाउँपालिकाले चालु आर्थिक वर्षमा सम्पादन गरेका मुख्य उपलब्धीहरु संक्षिप्त विवरण

**भौतिक पूर्वाधारः**

१. उपल्लो हटीया चिनियापोखरा भरवा राङ्गबास फेदी खर्ज्याङ्ग मोटर बाटो स्तरोन्नतीको लागि १ करोड ४६ लाख ५१ हजार ६८५ रुपैयामा सम्झौता भई करिव ३१५ मीटर सडक ढलानको काम भइरहेको र करिव ३३५ मीटर सडक कालोपत्रे गर्ने काम भइरहेको।

२. स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ६ को लागि १ करोड ९२ लाख ४६ हजार २०२ रकमको बहुवर्षिय सम्झौता भई काम भइरहेको।

३. प्रदेश समपुरक कार्यक्रम अन्तर्गत खर्ज्याङ्ग बाखे बन्द्रखुट्टा वीरबास सिस्ने जुभुङ्ग सडकको स्तरोन्नतीको लागि करिब ३३ लाख लागतमा काम सम्पन्न भएको।

४. प्रदेश समपुरक कार्यक्रम अन्तर्गत झिरबास टापु रैनादी डल्लीखोला मोटर बाटो स्तरोन्नतीको लागि करिब ३३ लाख लागतमा काम सम्पन्न भएको।

५. आराटुङ्ग झोपु थालढुङ्गा ट्रस पुल करिव २६ लाखमा निर्माणको कार्य सम्पन्न भएको।

६. गुल्मीदरबार गाउँपालिका सोल्टीमोड देखि डाँडा पोखरी जोड्ने सडक स्तरोन्नतीको काम सम्पन्न भएको।

७. प्रदेश समपुरक कार्यक्रम अन्तर्गत गाउँपालिकाको एकघर एकधारा कार्यक्रम सम्पन्न हुने चरणमा रहेको।

८. ठूलोपोखरा काब्रेपोखरी सूर्योदय सोलार मुस परियोजना अन्तर्गत एकघर एकधारा सम्पन्न भई संचालन भएको।

९. रुन्खादह मा.वि.को १६ कोठे भवन निर्माणको ३ करोड ५८ लाख ५८ हजार ८९९ मा बहुवर्षिय सम्झौता भई रू. ६९ लाख ५० हजार मोबिलाईजेसन पेश्की दिइएको।

१०. प्रदेश समपुरक कार्यक्रम अन्तर्गत ठुलाचौर राजा भट्टेचौर मिसुगा पल्लीकोट मोटर बाटोको स्तरोन्नतीको काम सम्पन्न भएको।

११. थाक्सिपोखरा गल्छेकोट भुँगरेथान सडकको काम अन्तिम चरणमा रहेको।

१२. हटिया घुर्मी टाङलाजी पल्लीकोट सडक स्तरोन्नतीको काम सम्पन्न भएको।

१३. भट्टेचौर प्रा.वि. जिर्ण भवन निर्माण कार्य सम्पन्न भएको ।

१४. राँकेखोला नदी नियन्त्रण तथा तटबन्ध निर्माण कार्य सम्पन्न भएको ।

**आर्थिक तथा सामाजिकः**

१. गरिबी निवारणका लागि लघुउद्यम विकास (मेडपा) कार्यक्रम मार्फत ३९ जना नयाँ उद्यमी सिर्जना गरिएको ।

२. अध्यक्ष युवा उद्यम कार्यक्रम अन्तर्गत ९८ जना युवा उद्यमीहरुलाई स्वरोजगार बनाउने कार्यक्रम सम्पन्न गरिएको ।

३. बंगुरपालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३० जना बंगुरपालक कृषकहरुलाई रू. १० लाख अनुदान उपलब्ध गराइएको।

४. आन्तरिक परिजिवी नियन्त्रणको लागि विनियोजित बजेट रू. ५ लाखबाट पशुपन्छी औषधी खरिद गरी निःशुल्क वितरण गरिएको ।

५. लुम्बिनी प्रदेश सरकारको सहकार्यकमा वडा नं. १ को शिवपुरी, टारी, बुढिचौर र माझिगाउँ र वडा नं. २ को घोराहा फाँटमा स्मार्ट कृषि कार्यक्रम संचालन गरिएको ।

६. नश्ल सुधारका लागि ४२५ गाई/भैंसीको निःशुल्क कृत्रिम गर्भाधान गरिएको।

७. पशुपन्छीमा लाग्ने विभिन्न रोग नियन्त्रणका लागि निःशुल्क खोपको व्यवस्था गरिएको ।

८. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत कुल ७ लाख लागतमा वडा नं. १ मा बाख्राको पकेट विकास कार्यक्रम संचालन गरिएको ।

९. उन्नत जातको कुखुरापालन कार्यक्रम अन्तर्गत कडकनाथ कुखुराका ७३० चल्ला वितरण गरिएको।

१०. किसान सूचीकरण कार्यक्रम अन्तर्गत ३४९५ जना कृषकहरुको विवरण किसान सूचीकरण वेवसाइटमा प्रविष्टि गरिएको ।

११. घुम्ती शिविर मार्फत पालिका भित्रका ७१ जना कृषकहरुको माटो परिक्षण गरिएको ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ९२५ जना बेरोजगार सूचीकृत भएकोमा ७६ जनालाई १०० दिनको रोजगारीको लागि काममा लगाइएको ।

१३. हालसम्म गाउँपालिकाबाट ६५ जनाको पूनःश्रम स्वीकृती प्रदान गरिएको।

१४. उपाध्यक्षसँग बालबालिका कार्यक्रम अन्तर्गत ५९ औं राष्ट्रिय बाल दिवसको अवसरमा आधारभुत विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको ।

१५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीका लागि टोलटोलमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।

१६. लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत लैङ्गिक तथा घरेलु हिंसा, लागु औषध दुर्व्यसनी, मदिरा नियन्त्रण, बालश्रम, बाल बिवाह, बहुबिवाह, दाईजो प्रथा, बोक्सी प्रथा जस्ता सामाजिक कुःप्रथा, कुरिती, कुसंस्कार अन्त्य गर्न प्रत्येक वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।

१७. अपाङ्गता भएका ३६ जना व्यक्तिहरुलाई अपाङ्गगता परिचयपत्र वितरण गरिएको ।

१८. अपाङ्गसँग गाउँपालिका कार्यक्रम अन्तर्गत “क” वर्गका अपाङ्गता भएका नागरिकहरुलाई थर्मश वितरण गरिएको।

१९. जेष्ठ नागरिक ६२ जना तथा दलित जेष्ठ नागरिक ५२ जनालाई फाईवर सिरक र ब्लयाङ्केट वितरण गरी सम्मान गरिएको।

२०. गाउँपालिका भित्र रहेका ४० वर्ष भन्दा माथिका अविवाहित महिला र ४५ वर्ष भन्दा माथिका अविवाहित पुरुष ३४ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।

२१. ११४ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा विविध कार्यक्रमको आयोजना गरी सम्पन्न गरिएको।

२२. कुलत संस्कार अन्तरपुस्ता/अन्तर संवाद कार्यक्रम अन्तर्गत समाजमा विद्यमान कुरीति कुसंस्कार विरुद्ध सचेतनामूलक कार्यक्रम र किशोरकिशोरीहरुका लागि असल अभ्यास कार्यक्रम गरिएको।

२३. महिला सिप विकासको लागि साबुन, सरफ, हार्पिक र फिनाइल तथा सेनेटरी प्याड बनाउने तालिम संचालन गरी ५५ जना महिलाहरुलाई लाभान्वित बनाइएको ।

२४. सामुदायिक मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्नको लागि मेलमिलाप सम्बन्धी ४८ घण्टे आधारभूत तालिम संचालन गरिएको।

२५. सहकारीहरुको क्षमता विकासका लागि ४ दिने लेखा व्यवस्थापन तालिम कार्यक्रम संचालन गरिएको।

२६. विद्यालय समायोजन एवम् दरबन्दी मिलान कार्यविधि, २०८० अनुसार ११ वटा प्राथमिक विद्यालय र १ वटा माध्यमिक विद्यालयको तह घटुवा गरी दरबन्दी मिलान गरिएको।

२७. स्थानीय पाठ्यपुस्तकः "हाम्रो गुल्मीदरबार" कक्षा २ र ३ मा लागु गरी पठनपाठनको सुरुवात भएको।

२८. तेस्रो अध्यक्ष कप खेलकुद प्रतियोगिता अन्तर्गत वडा स्तरीय पुरुष र महिला भलिबल प्रतियोगिता सञ्चालन गरिएको।

२९. पाँचौं गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको।

३०. गुल्मीदरबार गाउँपालिका अन्तर्गतका विद्यालयमा छात्राहरुको लागि निःशुल्क सेनिटरी प्याड वितरण गरिएको ।

३१. सामुदायिक विद्यालयमा अध्ययनरत फरक क्षमता तथा सुस्त मनस्थिति भएका ५७ विद्यार्थीहरुलाई अपाङ्ग छात्रवृत्ति वितरण गरिएको।

३२. अल्पसंख्यक बोटेमाझी समुदायका ८३ विद्यार्थीहरुका लागि विद्यालय पोषाक वितरण गरिएको।

३३. आधारभूत तहका सबै छात्राहरु तथा सबै दलित विद्यार्थीहरुका लागि छात्रवृत्ति वितरण गरिएको ।

३४. सुरक्षित प्रसुति सेवा प्रवाहको लागि बर्थिङ्ग सेन्टर संचालन गरिएको ।

३५. विद्यार्थीहरुको लागि ११ माध्यामिक र ३ निम्न माध्यामिक विद्यालयमा साथी शिक्षा कार्यक्रम संचालन गरिएको ।

३६. गर्भवती, सुत्केरी तथा मातृशिशु स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै "**मेरी आमा स्वस्थ आमा**" कार्यक्रम संचालन गरिएको र उक्त कार्यक्रमबाट १९० जना लाभान्वित भएको।

३७. दीर्घरोगीका लागि निःशुल्क औषधी उपचार कार्यक्रम संचालन गरिएको र उक्त कार्यक्रमबाट २९५१ जना लाभान्वित भएको।

३८. गर्भवती महिलाको लागि घुम्ती सेवा मार्फत सबै वडामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन भएको र उक्त कार्यक्रमबाट १९० जना लाभान्वित भएको।

३९. आँखा उपचार केन्द्र, गुल्मीको सहकार्यमा यस गाउँपालिकाका मोतिया विन्दुका ३९ जना बिरामीहरुको मोतिया विन्दुको निःशुल्क अप्रेसन गरिएको।

४०. वडा नं. २, ३ र ६ मा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिएको र उक्त कार्यक्रमबाट ४०७ जना बिरामीले सेवा लिएको।

४१. दादुरा रुवेला खोप अभियान अन्तर्गत ९ महिना देखी ५ वर्ष मुनिका ११६७ बालबालिकालाई खोप लगाइएको।

४२. पूर्ण पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका सुनिश्चित घोषणा गरिएको ।

**<u>सुशासन तथा संस्थागतः</u>**

१. भौगोलिक विकटताको कारणले नागरिकहरुको असुविधालाई मध्यनजर गर्दै गुल्मीदरबार गाउँपालिका वडा नं. १ को बुढिचौरमा सेवा दिने गरि सेवा केन्द्रको स्थापना गरिएको।

२. गाउँपालिकाको गतिविधिहरुलाई सबै नागरिक समक्ष पुऱ्याउनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइट मा सार्वजनिक गर्ने गरिएको ।

३. १५ शैयाको आधारभूत अस्पतालको भवन निर्माण कार्य सम्पन्न भएको ।

४. नागरिकको घरदैलो मै सेवा प्रवाह गर्ने नीति अनुरुप एकिकृत घुम्ति शिविर सम्बन्धित वडा कार्यालयमा सञ्चालन गरि गाउँपालिकाको सबै सेवा उपलब्ध गराइएको ।

५. प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको **WASH PLAN** को लागि आवश्यक तथ्याङ्क संकलन भई **WASH PLAN** निर्माण कार्य अन्तिम चरणमा रहेको ।

६. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाईएको जसले राजश्व संकलनमा पारदर्शीता कायम गरी दैनिक राजश्वको अभिलेखिकरण गर्ने कार्य गरिएको ।

७. गाउँपालिकाकालाई आवश्यक १६ स्थायी कर्मचारी पदपूर्ति भई सकेको र केही रिक्त रहेको पदमा पदपूर्ति हुने व्यवस्था मिलाइएको ।

८. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरुबाट सम्पादन हुने कार्यक्रम कार्ययोजना स्विकृत गरी कार्यान्वयन गरिएको।

९. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीलाई जवाफदेही बनाईएको ।

१०. गुल्मीदरबार गाउँपालिकाको आवधिक योजनाको  निर्माण चालु आ.व.मा नै सम्पन्न हुने गरी काम भैरहेको।
११. गाउँपालिकाको मध्यमकालिन खर्च संरचना निर्माण भैरहेको।
१२. गुल्मीदरबार गाउँपालिकाको यातायात गुरुयोजना निर्माण भइ रहेको।
१३. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि DPR र IEE सम्पन्न भएको।
१४. नदिजन्य पदार्थको उत्खनन् तथा निकासीको लागि गुल्मीदरबार गाउँपालिका वडा नं. १ को बडिगाड खोलामा IEE सम्पन्न गरिएको।
१५. वडा नं. ६ को वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न  भइ सोही भवनबाट सेवा प्रवाह भएको।
१६. गाउँपालिकाका सबै वडा कार्यालयहरु र वडा कार्यालयको नजिकै रहेका मुख्य व्यापारिक क्षेत्र तथा संवेदनशील स्थानहरुमा CCTV  जडान गरीएको।
१७. प्रविधिमैत्रि कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकामा प्राप्त भएको अनुमानित कुल बजेट प्रस्तुत गर्न चाहन्छु।

कुल बजेट: ४५ करोड ९३ लाख ०८ हजार

चालुतर्फ: ३४ करोड १५ लाख ०८ हजार

पूँजिगततर्फ: ११ करोड ७८ लाख

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाको खर्च व्यहोरने स्रोत प्रस्तुत गर्न चाहन्छु।

| सि.नं. | स्रोत समूह | स्रोत | अनुमानित आय |
|---|---|---|---|
| १ | संघीय सरकार | समानिकरण अनुदान | ९,१६,००,००० |
| २ | संघीय सरकार | राजस्व बाडफाड | ८,४९,००,००० |
| ३ | संघीय सरकार | विशेष अनुदान | ३,१५,००,००० |
| ४ | संघीय सरकार | सशर्त अनुदान | २१,३२,००,००० |
| **जम्मा रकम** | | | **४२,१२,००,०००** |
| **संघीय सरकारको जम्मा: ४२ करोड १२ लाख मात्र** | | | |
| १ | प्रदेश सरकार | समानिकरण अनुदान | ६०,५२,००० |
| २ | प्रदेश सरकार | राजस्व बाडफाड | ३२,९८,००० |
| ३ | प्रदेश सरकार | विशेष अनुदान | २५,००,००० |
| ४ | प्रदेश सरकार | सशर्त अनुदान | ८०,००,००० |
| ५ | प्रदेश सरकार | समपुरक | ७०,००,००० |
| **जम्मा रकम** | | | **२,६८,५०,०००** |
| **प्रदेश सरकार जम्मा: २ करोड ६८ लाख ५० हजार मात्र** | | | |
| १ | गुल्मीदरबार गाउँपालिका | आन्तरिक स्रोत | ६०,५०,००० |
| २ | गुल्मीदरबार गाउँपालिका | गत वर्षको बैंक मोज्दात | ५२,०८,००० |
| **जम्मा रकम** | | | **१,१२,५८,०००** |
| **गुल्मीदरबार गाउँपालिकाको जम्मा: १ करोड १२ लाख ५८ हजार मात्र** | | | |
| **कुल जम्मा आय रकम** | | | **४५,९३,०८,०००** |

**आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत अनुमानित व्यय तर्फ**

| सि.नं. | विषयगत क्षेत्र | विनियोजित रकम |
|---|---|---|
| १ | आर्थिक विकास | ८६,००,००० |
| २ | सामाजिक विकास | २,८१,००,००० |
| ३ | पूर्वाधार विकास | ९,१८,००,००० |
| ४ | बातावरण तथा विपद व्यवस्थापन | ४४,००,००० |
| ५ | संस्थागत विकास सेवा प्रवाह सुशासन | ९४,६०,००० |
| ६ | कार्याल संचालन तथा सेवा प्रवाह | ९,४२,४८,००० |
| ७ | वडा कार्यालयको सिलिङ्ग | १,७५,००,००० |
| ८ | सर्शत अनुदान | २०,५२,००,००० |
| | **कुल जम्मा रकम** | **४५,९३,०८,०००** |

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

<u>सामाजिक विकासः</u>

<u>शिक्षाः</u>

१. सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षिका प्रसुती हुँदा कक्षा संचालनमा पर्ने असरलाई न्यूनीकरणका लागि सुत्केरी सट्टा शिक्षकको लागि रू. १ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२. कक्षा ५, ८, १० र १२ को समष्टिगत नतिजाको आधारमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विषय शिक्षक तथा विद्यार्थीलाई विशेष प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

३. गाउँपालिकाले संचालन गर्ने विभिन्न कक्षाका परीक्षालाई थप व्यवस्थित गर्न परीक्षा संचालन तथा व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु।

४. बालबिकास सहजकर्ताको क्षमता वृद्धिको लागि मन्टेश्वरी तालिम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

५. विद्यालयका बालबालिकाहरुमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटनको लागि **अध्यक्ष नानीबाबु प्रतिभा प्रस्तुतीकरण कार्यक्रम** संचालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६. शिक्षकहरुको पेशागत क्षमता विकासका लागि विद्यालयमा शिक्षकहरुको लागि **"इन हाउस ट्रेनिङ्ग"** सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

७. "हाम्रा विद्यालय-हरियाली, सफा र सुन्दर विद्यालय" बनाउन आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

८. शैक्षिक एवम् भौतिक पक्षमा सवल विद्यालयहरुलाई विद्यार्थी संख्या, शिक्षक दरवन्दी, सिकाई उपलब्धि दर, भौतिक व्यवस्थापन लगायत सूचकका आधारमा "स्मार्ट स्कूल" बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

९. **"उपाध्यक्ष शैक्षिक सुधार कार्यक्रम"** सञ्चालनको लागि आवश्यक बजेट रु. ३ लाख विनियोजन गरेको छु।

१०. गाउँपालिका भित्रका गरिब जेहेन्दार विद्यार्थीहरुको लागि अध्यक्ष अशोककुमार थापा छात्रवृत्ति कार्यक्रको लागि रकम रू. ६ लाख ५० हजार व्यवस्था गरेको छु ।

## स्वास्थ्यः

१. गर्भवती सेवा, प्रसुति सेवा, सुत्केरी सेवा, नवशिशु र २ बर्ष सम्मका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि **मेरी आमा : स्वस्थ आमा** कार्यक्रम सञ्चालन गर्न रु. ४ लाख रकम विनियोजन गरेको छु।

२. सर्ने तथा नसर्ने रोगहरुबाट बच्नको लागि समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नको लाग‍ि **"हाम्रो गाउँ; स्वस्थ बनाउँ"** कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

३. स्वास्थ्य चौकीहरुमा आम नागरिकहरुको लागि तोकिएका औषधीहरु तथा दिर्घरोगीहरुको निःशुल्क औषधीको लागि आवश्यक बजेट रु. १० लाख रकम विनियोजन गरेको छु ।

४. गुल्मीदरबार गाउँपालिकालाई **"पूर्ण पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका सुनिश्चितता घोषणा", "ZERO HOME DELIVERY गाउँपालिका"** र **"किशोरकिशोरीमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका"** घोषणाको लागि रू. ३ लाख बजेट व्यवस्था गरेको छु।

५. किशोरावस्थामा हुन सक्ने शारीरिक मानसिक तथा सामाजिक परिवर्तनको कारण हुनसक्ने असहजताबाट बचाउन विद्यार्थीहरुको लागि **साथी शिक्षा कार्यक्रम** संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६. निःशुल्क ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम (**Video X-Ray**) संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७. महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोवल उच्च राख्नको लागि यातायात वापत रकम रु. १५ लाख बजेट विनियोजन गरेको छु।

८. अनिवार्य अवकास हुने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान स्वरुप प्रति व्यक्ति एकमुष्ट रकम रु. ५० हजार उपदान उपलब्ध गराउनको लागि आवश्यक बजेट मिलाएको छु।

९. विपन्न सुत्केरीहरु को लागि लक्षित गर्दै **"विपन्न सुत्केरी राहत कोष"** स्थापनाका लागि बजेटको व्यवस्था गरेको छु।

१०. नागरिकहरुलाई खुशी, सुखी र स्वस्थ बनाउन योगाभ्यास तथा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

११. टोलटोलमा स्वास्थ्य प्राथमिक उपचार कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

## उद्योग तथा वाणिज्यः

१. गाउँपालिकाका युवा उद्यमीहरुलाई प्रोत्साहन गर्दै उद्यमी बनी आत्मनिर्भर बन्नको लागि **"अध्यक्ष युवा उद्यम कार्यक्रम"** संचालनको लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

२. गाउँपालिका भित्र संचालन हुने अचार, सेनेटरी प्याड, दुनाटपरी, साबुन सरफ लगायतका सामग्री उत्पादन गर्ने उद्यमी तथा साना उद्योगहरुलाई अनुदानका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
३. गाउँपालिकामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) साझेदारी कार्यक्रम संचालनका लागि रकम रू. १८ लाख बजेटको व्यवस्था मिलाएको छु ।

**खानेपानी तथा सरसफाईः**

१. ग्रामीण प्रविधि केन्द्रको लागत साझेदारीमा खानेपानी योजनाको लागि रु. २२ लाख विनियोजन गरेको छु।
२. गाउँपालिका स्तरीय "**एकघर एकधारा कार्यक्रम**" संचालन गरी सबै नागरिकको घरघरमा खानेपानीको सेवा उपलब्ध गराउन रू. १५ लाख रकम व्यवस्था गरेको छु ।
३. खानेपानी मर्मत सुधार वडा नं. १ का लागि रू. १० लाख रकम व्यवस्था गरेको छु।

**पर्यटन तथा संस्कृति प्रवर्द्धनः**

१. गाउँपालिकामा पर्यटन क्षेत्रको विकासका लागि पर्यटन सूचना केन्द्र स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
२. गाउँपालिकाका मुख्य मुख्य स्थानमा पर्यटक सूचना पाटी **(Tourist Information Board)** राख्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. गाउँपालिका भित्रका धार्मिक, सांस्कृतिक प्रवर्द्धन गर्नको लागि विभिन्न मठ मन्दिरहरु निर्माण तथा मर्मत संभार र सौन्दर्यीकरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
४. बोटे माझी तथा संस्कृत भाषा संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
५. गुल्मीदरबार गाउँपालिका भित्र कृषि, पशुपन्छी, उद्योग, पर्यटन, शैक्षिक, स्थानीय जातजातीको मौलिक भेषभुषा, नाँचगान, जात्रा, उत्सव, धर्म संस्कृतिको प्रदर्शनी सहित "**ऐतिहासिक गुल्मीदरबार मेला**" आयोजनाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**खेलकुदः**

१. खेलक्षेत्रको समष्टिगत विकासका लागि रू. ६ लाख विनियोजन गरेको छु।
२. खेलकुदमा प्रोत्साहन गर्नको लागि "**अध्यक्ष कप खेलकुद**" प्रतियोगिता संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनको लागि रू. ३ लाख बजेट विनियोजन गरेको छु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

१. विपन्न नागरिकको सुरक्षित आवास निर्माणको लागि रू. ४ लाख रकम विनियोजन गरेको छु।

२. महिला, दलित, आदिवासी जनजाती, एकल नागरिक र सामाजिक समावेशीकरण कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. गाउँपालिकाका नागरिकहरुलाई न्यूनतम विद्युत महशुल उपलब्ध गराउन रु २० लाख रकम विनियोजन गरेको छु ।

४. महिला सीपमुलक तालिम, किशोर-किशोरी असल अभ्यास तथा आत्मसुरक्षा, अन्तरपुस्ता सिप हस्तान्तरण लगायतका कार्यको लागि आवश्यक रकम रु. ६ लाख विनियोजन गरेको छु ।

५. **जेष्ठ नागरिकसँग गाउँपालिका, दलित जेष्ठ नागरिकसँग गाउँपालिका, अध्यक्षसँग बालबालिका, अपाङ्गसँग गाउँपालिका**, लगायतका कार्यक्रमहरु संचालनको लागि रु. ५ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

६. यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिक, हिंसा पिडित, विपन्न वर्गलाई उद्धार, राहत तथा विशेष कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७. गाउँपालिका भित्र रहेका विभिन्न जातजातीको धर्म संस्कृति संरक्षण तथा प्रवर्द्धनका लागि रकम रू. २ लाख विनियोजन गरेको छु।

८. ४० वर्ष माथीका अविवाहित महिला, ४५ वर्ष माथीका अविवाहित पुरुष र 'ग' वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ताको लागि रू. ९ लाख बजेट विनियोजन गरेको छु।

९. महिला पञ्चेबाजा कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१०. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन गर्नको लागि बजेट रू. २ लाख ५० हजार विनियोजन गरेको छु।

**<u>आर्थिक विकासः</u>**

१. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तरगत लुम्बिनी प्रदेश सरकार र गुल्मीदरबार गाउँपालिकाको साझेदारीमा "**गुल्मीदरबार फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम**" संचालनको लागि रू. १ करोड ४५ लाख बजेटको व्यवस्था मिलाएको छु।

२. प्राकृतिक प्रकोपबाट हुने बाली क्षति राहतको लागि आकस्मिक उपज संरक्षण कोष स्थापनाका लागि रू. २ लाख बजेट विनियोजन गरेको छु।

३. गाउँपालिकामा रहेको खेतियोग्य बाँझो जग्गाको उपयोग गर्न "**भूमि बैंक**" का लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. कृषकहरुको आत्मसम्मानमा वृद्धि गर्ने उद्देश्यले "**अध्यक्ष कृषक सम्मान कार्यक्रम**" संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

५. महमा आत्मनिर्भर उन्मुख बनाउन मौरी प्रवर्द्धन कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६. पशुपन्छीतर्फ निःशुल्क कृत्रिम गर्भाधान र पशु औषधी खरिद कार्यक्रमका लागि रु. ५ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

७. व्यावसायिक कृषकहरुलाई थप प्रोत्साहन स्वरुप दुग्ध तथा कृषि उपजहरुको उत्पादनमा आधारित अनुदान उपलब्ध गराउन रू. ६ लाख बजेटको व्यवस्था मिलाएको छु ।

८. गाउँपालिकालाई अण्डा, माछा र मासुमा आत्मनिर्भर उन्मुख बनाउनको लागि रू. ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

९. सहकारीहरुलाई सक्षम र सबल बनाउन सहकारीहरुको सुदृढिकरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद विकासः**

१. खेलकुद तर्फ युवाहरुलाई प्रोत्साहन गर्नको लागि गाउँपालिकाले वडा नं. ४ को श्रीनगरमा निर्माणाधिन ब्याडमिन्टन कभर्डहल सम्पन्न गर्नको लागि गाउँपालिकाको पहलमा आवश्यक रकमको व्यवस्था गरेको छु ।

२. गाउँपालिकाका खेलाडीहरुलाई थप उत्प्रेरित बनाउन **"अध्यक्ष कप खेलकुद कार्यक्रम"** संचालन तथा व्यवस्थापन गर्नको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

३. गाउँपालिकास्तरीय खेलकुद मैदान निर्माणको लागि गाउँपालिकाको पहलमा आवश्यक रकमको व्यवस्था गरेको छु ।

४. खेलाडीसँग गाउँपालिका कार्यक्रम मार्फत उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५. युवाहरुको बढ्दै गरेको क्रिकेट खेल प्रतिको मोहलाई मध्यनजर गर्दै क्रिकेट अभ्यास मैदान निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६. गाउँपालिकास्तरमा सञ्चालन हुने विभिन्न खेलकुद व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**भौतिक पुर्वाधारः**

१. संघीय सरकारको विशेष अनुदानमा श्री रुन्खादह माध्यामिक विद्यालयको १६ कोठे भवन निर्माणको लागि रु.१ करोड ६० लाख बजेटको व्यवस्था गरेको छु।

२. संघीय सरकारको विशेष अनुदानमा वडा नं. ६ को स्वास्थ्य चौकी भवन सम्पन्न गर्न रु.१ करोड ५५ लाख बजेटको व्यवस्था गरेको छु ।

३. श्री म्यालपोखरी मा.वि. ४ कोठे भवन निर्माणको लागि रु.६० लाख रकम विनियोजन गरेको छु।

४. गुल्मीदरबार गाउँपालिका वडा नं. ४ विरबास मिसुगा सडक स्तरोन्नतीको लागि रु. ४० लाख रकम विनियोजन गरेको छु ।

५. गुल्मीदरबार गाउँपालिका वडा नं. १ को टापु लुम्पेक औडी टारी मोटर बाटो स्तरोन्नतीको लागि रु.४० लाख रकम विनियोजन गरेको छ ।
६. विरबास स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न गर्नको लागि रु. ७० लाख विनियोजन गरेको छु ।
७. १५ शैया आधारभूत अस्पतालको बाँकी रकम भुक्तानीको लागि रु. ७० लाख रकम विनियोजन गरेको छु ।
८. विभिन्न योजना तथा कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालनको लागि रु. ४० लाख रकम विनियोजन गरेको छु ।
९. गाउँपालिकामा विभिन्न स्थानमा रहेका खानेपानी टंकीहरु तथा पधेरो मर्मत संभारको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
१०. गाउँपालिका भित्रका मुख्य मोटरबाटोहरुलाई बाह्रै महिना सुचारु गराउनको लागि सडक मर्मत सम्भारको लागि रु. ६० लाख रकम विनियोजन गरेको छु ।
११. गाउँपालिकाको प्रशासकीय भवन निर्माण प्रक्रियाको लागि रु. २० लाख रकम विनियोजन गरेको छु।

<u>वन तथा भू-संरक्षणः</u>

१. भू-संरक्षण कार्यक्रमका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

<u>वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः</u>

१. विपद्मा परेका नागरिकहरुलाई तत्काल राहत तथा उद्दारको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।
२. प्राकृतिक प्रकोपहरु जस्तै बाढी पहिरो तथा विभिन्न महामारी रोगको रोकथाम तथा नियन्त्रणका लागि विपद् व्यवस्थापन कोष स्थापना गर्न रकम रु. २० लाख रकम विनियोजन गरेको छु।
३. गाउँपालिका भित्रका सरकारी कार्यालयहरु र विद्यालयहरुको खाली जग्गामा फूलबारी तथा करेसावारी निर्माणका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
४. खानेपानीका स्रोत संरक्षणका लागि **"एक वडा पाँच पोखरी"** निर्माणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।
५. डढेलो, आगोलागिको मुख्य कारकको रुपमा रहेको सल्लाका रुखहरुलाई वन कार्यालयसँग समन्वय गरि विस्थापित गरी फलफुल तथा अन्य बिरुवा रोप्नका लागि आवश्यक व्यवस्था मिलाएको छ।
६. विपद् प्रतिकार्य योजना निर्माण तथा विपद् प्रतिकार्य टोली गठनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**<u>सुशासन तथा संस्थागत विकास</u>**

१. नागरिकलाई सूचनाको हकको प्रत्याभुति गराई चुस्तदुरुस्त सेवा प्रवाह र प्रविधिमैत्री कार्यालय निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३. नागरिक केन्द्रित सेवा प्रवाह गर्दै गाउँपालिकाको समग्र सुशासन कायम गर्न कर्मचारीहरुलाई उत्प्रेरित बनाई कार्य गर्नको लागि कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन तथा पुरस्कारको लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

४. स्थानीय जनताको सुरक्षा, सम्पत्तीको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड, विपद् व्यवस्थापन, बजार अनुगमन, सेवा प्रवाह आदि कार्यको लागि नगर प्रहरीको स्थापना तथा परिचालनको लागि आवश्यक रकम रु.१८ लाख विनियोजन गरेको छु ।

५. प्राविधिक कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित र जवाफदेही बनाउन फिल्ड भत्ताका लागि आवश्यक रकमको व्यवस्था मिलाएकोछु ।

६. “हाम्रो विकास हाम्रै लागि, हाम्रो संरचना हाम्रो सम्पत्ती” भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरुको संरक्षण गर्दै वडा कार्यालयको सहयोगी संस्थाको रुपमा गठन भएका टोल विकास संस्था लगायतका संघ संस्थाहरुलाई परिचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७. कर्मचारी कल्याण कोषका लागि रकम रू. ३० लाख विनियोजन गरेको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष ०८१/०८२ को आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दा नागरिकको जीवनस्तरमा सुधार भई सुखी र समृद्ध गाउँपालिका निर्माणको अभियानमा सहयोग पुग्ने छ भन्ने पूर्ण विश्वास लिएको छु। गाउँपालिकाको समष्टिगत विकास र नागरिकको आर्थिक समुन्नतिको लागि प्रस्तुत बजेटबाट प्रभावकारी एवम् गुणस्तरीय सार्वजनिक सेवा प्रवाह भई सुशासनको प्रत्याभुति हुने आशा लिएको छु।

प्रस्तुत बजेट तर्जुमा गर्दा सहयोग गर्ने आदरणीय अध्यक्षज्यू, कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु, राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरु, गाउँपालिकाका विद्वत वर्ग, प्रमुख प्रशासकीय अधिकृत लगायत गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, पत्रकारहरु, बजेट निर्माणको क्रममा अमूल्य रायसुझाव उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभावहरु र गाउँपालिकाबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै

बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सुखी,समृद्ध र समुन्नत गाउँपालिका निर्माणको महान यात्रामा हातेमालो गर्दै सहभागी हुन आह्वान गर्दछु । जय गुल्मीदरबार!! धन्यवाद नमस्कार !!

मिति: २०८१ असार १० गते

**तारा थापा ढेंगा**
**उपाध्यक्ष**